## नागार्जुन नगरपालिकाद्वारा प्रकाशित

खण्ड - १ संख्या - १ प्रकाशित मिति: चैत्र २६ गते २०७७ साल

भाग - २

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/१२/२५ गते

**आ.व. २०७७/७८ मा प्रकाशित कार्यविधि - १**

**नागार्जुन नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**सितापाईला, काठमाडौं ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नागार्जुन नगर कार्यपालिकाले स्वीकृत गरेको सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ती तथा सोको मुआब्जा/राहत/क्षतिपूर्ति निर्धारण कार्यविधि, २०७७ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सार्वजनिक प्रयोजनका लागी जग्गा प्राप्ती तथा सोको मुआब्जा/राहत/क्षतिपुर्ती निर्धारण कार्यविधी - २०७७

**प्रस्तावनाः**

नागार्जुन नगरपालिका भित्र सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ती, मुल्य तथा मुआब्जा/राहत/क्षतिपूर्ति निर्धारण गर्न समन्वय एवं सहजिकरण गर्ने सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (ढ) ४ बमोजिमको काम गर्न सोहि ऐनको दफा ११ उपदफा ७ बमोजिम मिति २०७७/१२/२५ गतेको नगर कार्यपालिका बैठकबाट स्वीकृत गरि यो कार्यविधी लागु गरिएको छ ।

## परिच्छेद १ (क)

## प्रारम्भिक

१. **सांक्षित नाम र प्रारम्भ:** १) यो कार्यविधिको नाम सार्वजनिक प्रयोजनका लागि जग्गा प्रासि तथा सो को राहत/क्षतिपुर्ती निर्धारण कार्यविधी -२०७७ रहेको छ ।

२) यो कार्यविधी नागार्जुन नगरपालिका भित्र सार्वजनिक प्रयोजनका लागि जग्गा खरिद एवं प्रासि वा सडक विस्तारमा आवश्यक जग्गा उपयोग गर्न एवं सोको मुआब्जा/राहत/क्षतिपूर्ति निर्धारण तथा उपलब्ध गराउन प्रयोग हुनेछ ।

३) यो कार्यविधी नगर कार्यपालिकाबाट निर्णय भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः-

क) "नगरपालिका" भन्नाले नागार्जुन नगरकार्यपालिका काठमाडौं सम्झनुपर्छ ।

ख) "प्रमुख" भन्नले नागार्जुन नगरपालिकाको कार्यपालिका प्रमुखलाई सम्झनुपर्छ ।

ग) "उपप्रमुख" भन्नले नागार्जुन नगपालिका को उप- प्रमुखलाई सम्झनुपर्छ ।

घ) "जग्गा" भन्नाले कसैको हकभोगमा रहेको जुनसुकै जग्गा र त्यसमा स्थायी रूपले रहेको पर्खाल, घर, रूख समेत सम्झनुपर्छ र सो शब्दले त्यस्तो जग्गामा स्थायी रूपले जडान भएको जुनसुकै वस्तुलाई समेत जनाउँछ ।

ङ) "सार्वजनिक काम" भन्नाले सर्वसाधारण जनताको हित लाभ वा उपयोगको लागि हुने काम वा नगरपालिकाको तर्फबाट हुने काम सम्झनुपर्छ र सो शब्दले देहायको काम समेतलाई जनाउँछ:

१. नेपाल सरकारले स्वीकृत गरेको परियोजना

२. प्रदेश तथा स्थानिय सरकारद्धारा संचालन गरिने परियोजना

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नागार्जुन नगरपालिका कार्यालय काठमाण्डौको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ।

छ) "जग्गा व्यवस्था समिति" भन्नाले यस कार्यविधिको दफा १० बमोजिम गठित समिति सम्झनु पर्छ।

ज) "सरोकारवाला व्यक्ति" भन्नाले यस कार्यविधि अन्तर्गत जग्गा प्राप्त गरे वापत दिइने जग्गा, मुल्य, क्षतिपुर्ति वा कार्यालय वा मुआब्जा/राहत/क्षतिपूर्ति दाविमा हक पुग्ने व्यक्ति सम्झनुपर्छ ।

झ) "संस्था" भन्नाले नगरपालिकाले कानुन बमोजिम स्थापना वा गठन गरेको समिति वा संस्था वा कार्यालय सम्झनुपर्छ ।

## परिच्छेद २

३. **सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्ने नगरपालिकाको अधिकार:** नगरपालिकाले कुनै सार्वजनिक कामको निमित कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस कार्यविधि बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ ।

४. **संस्थाको लागि जग्गा प्राप्त गराई दिन सक्ने:** १) संस्थाको लागि कुनैं सार्वजनिक कामको निमित कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा जग्गा खरिद वा दफा ६ बमोजिमका कुनै विधिवाट प्राप्त गर्न सक्नेछ ।

२) नगरपालिकाको स्वामित्व एंव संरक्षकत्वमा रहेको विद्यालय, स्वास्थ्य संस्था, कृषि तथा पशु विकास केन्द्र, वृद्धाश्रम लगायत अन्य सार्वजनिक संस्थाले आफ्नो भवन लगायतका विभिन्न पूर्वाधार एवं संरचना निर्माण गर्न यस कार्यविधि बमोजिमको विधिबाट जग्गा खरिद वा अन्य विधिबाट जग्गा उपलब्ध गराईदिन अनुरोध गरेमा जग्गा प्राप्ति गर्दा हुने सम्पूर्ण खर्च सम्बन्धित संस्थाको कोषबाट बुझाउने गरि जग्गा प्राप्ति नगरपालिकाले गराईदिने निर्णय गर्न सक्नेछ।

५. **प्रारम्भिक कारवाही चलाउने अधिकारी:** १) दफा ३ वा ४ को प्रयोजनको लागि जग्गा प्राप्त गर्न नगरपालिकाले निर्णय गरेपछि प्रमुख प्रशासकिय अधिकृतले कुनै परियोजनाको लागि प्रारम्भिक कारवाही चलाउने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाको निमित जग्गा प्राप्त गर्दा उपदफा ४ बमोजिमको प्रारम्भिक कारवाही गर्नको निमित्त नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले तोकेको अन्य अधिकृत स्तरको कुनै कर्मचारीले त्यस्तो प्रारम्भिक कारबाही चलाउन पाउने गरी नगरपालिकाले आदेश दिन सक्नेछ।

६. **जग्गा प्राप्ति गर्ने विधि:** १) दफा ३ र ४ को प्रयोजनको लागि जग्गा व्यवस्था समितिले देहाय बमोजिमका विधि मध्ये नगरपालिकाको निर्णय भए बमोजिमको विधि अवलम्वन गरि जग्गा प्राप्तिको प्रकृय अगाडी बढाउने छ।

क) दाताहरू आहवान गरि जग्गा प्राप्त गर्ने।

ख)	जग्गा धनिहरूको सहमतिमा निश्चित सार्वजनिक विकासका पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि निःशुल्क वा सरकारी मूल्यांकन अनुसार मुल्य दिई प्राप्त गर्ने ।

ग)	सार्वजनिक प्रयोजनका लागि वार्ता वा छलफलबाट जग्गा प्राप्ती

७. **<u>उपयोग वा नोक्सानी वापत क्षतिपूर्ति दिइने:</u>** (१)	दफा ६ बमोजिम जग्गा उपयोग गरेवापत वा सार्वजनिक सडक विस्तारका लागि आवश्यक जग्गा उपयोगका क्रममा जग्गा घर, पर्खाल, रूख प्रयोग गर्दा वा हटाउँदा भएको नोक्सानी वापत राहत/क्षतिपूर्ति दिईनेछ ।

(२) उपदफा १ बमोजिमको राहत/क्षतिपूर्तिको रकम जग्गा व्यवस्था समितिको सिफारिस तथा कार्यपालिकाको निर्णय अनुसार निर्धारण गरि प्रारम्भिक कारवाही चलाउने अधिकारीले सरोकारवाला व्यक्तिलाई दिईनेछ । साथै जग्गाको मुआब्जा/राहत/क्षतिपूर्ति देहायको (क), (ख) र (ग) को औषत अंक कायम गरी सोको आधारमा जग्गा व्यवस्था समितिले पहिचान र निर्धारण गर्नेछ भने घर/टहराको रकम प्रचलित नियमानुसार निर्धारण गर्नेछ ।

(क) नगरपालिकाले जग्गाको वर्गिकरणको आधारमा मालपोत वा सम्पत्ति कर लिने प्रयोजनका लागि निर्धारित मुल्यांकन अनुसारको दररेट (आर्थिक ऐन)

(ख) मालपोत कार्यालयले स्वीकृत गरेको सरकारी मूल्यांकन अनुसारको दररेट

(ग) वडा भित्र उक्त क्षेत्रमा जग्गा किनबेच गर्दा मालपोत कार्यालयमा भएको कारोवारको लिखतमा उल्लिखित प्रति इकाई मूल्यलाई आधारमानी वडा समितिले गरेको सिफारीस बमोजमिको दरको आधारमा

(घ) नेपाल सरकारले मुआब्जा निर्धारण गर्ने सम्बन्धमा समय समयमा दिएको मार्गदर्शन ।

३) नगरपालिकाले जग्गा प्राप्ति गर्न लागेको जग्गाको क्षेत्रफल, चार किल्ला, आदि आवश्यक विवरण खुलाई जग्गा प्राप्तिको कारवाही चलाउन प्रारम्भिक कारवाही चलाउने अधिकारी लाई जिम्मेवारी दिनेछ ।

८. **<u>जग्गा प्राप्त गर्ने सम्बन्धी प्रारम्भिक कारवाही:</u>** (१) दफा ३ र ४ बमोजिम जग्गा प्राप्ति गर्दा प्रारम्भिक कारवाही चलाउने अधिकारीले तोकेको जग्गाको क्षेत्रफल र चार किल्ला भित्रका जग्गा प्राप्तिका लागी इच्छुक जग्गा धनि बाट दफा ६ (ग) बमोजिम बाहेकका कुनै पनि विधिबाट जग्गा उपलब्ध गराउन देहायका विवरण सहित सार्वजनिक सूचना जारी गर्नेछ।

(क) कुन कामको लागि जग्गा प्राप्त गरिने हो ।

(ख) जग्गा सहित अन्य घर/टहरा/पर्खाल आदि ।

(ग) जग्गा रहेको वडा र टोल

(घ) नापी भई सकेको भए कित्ता नं.

(ङ) नापी भई नसकेको जग्गा भए जग्गा चिनाउन सहायक हुने आवश्यक विवरण र जग्गाको चार किल्ला/साविक सर्वे नापी हुँदाका जग्गाधनी वा मोहिको प्रमाण ।

(च) जग्गाको क्षेत्रफल

(छ) अन्य आवश्यक विवरण

(२) प्रारम्भिक कारबाही चलाउने अधिकारीले जग्गा प्राप्तिका विषयमा उपदफा १ बमोजिमको सुचना कम्तिमा १ वटा राष्ट्रिय दैनिक पत्रिका वा सरोकारवाला व्यक्तिको जानकारीको निमित देहायका कार्यालय वा स्थानमा एक एक प्रति ३० दिने सूचना टाँस गर्नु पर्नेछ वा सार्वजनिक प्रयोजनका लागि वार्ता वा छलफलबाट जग्गा प्राप्ती गर्न सकिनेछ । छलफलबाट जग्गा प्राप्ती गरेमा माथि उल्लिखित सूचना प्रकाशन गर्नु पर्ने छैन ।

क) सम्बन्धित जग्गाको आस पासमा सर्वसाधारण जनताको बढी आवगमन हुने स्थान,

ख) नगरकार्यपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालय,

ग) मालपोत कार्यालय

घ) जिल्ला समन्वय समिति

३) नगरपालिकालाई दफा ६ बमोजिमका कुनै पनि विधिबाट जग्गा उपलब्ध गराउन चाहाने सरोकार वाला व्यक्तिले अनुसूचि १ को ढाँचामा निम्न कागजात सहित गोप्य निवेदन दिनु पर्नेछ ।

**निम्न**

क) उपलब्ध गराउन खोजेका जग्गाधनि प्रमाण पूर्जाको प्रतिलिपि ।

ख) जग्गा धनिको नागरिकताको प्रतिलिपी ।

ग) जग्गाको नापी नक्शा र ट्रेश नक्शा ।

घ) तोकिएको ढाँचमा निवेदन

## परिच्छेद ३
## जग्गा व्यवस्था समिति गठन

९. **जग्गा लिने अधिकार:** (१) दफा ८(२) बमोजिमको सुचना जारी भएपछि वा वार्ता तथा छलफलबाट जुन कामका लागि जग्गा प्राप्त गरिने हो सो जग्गा स्वामित्वमा लिई उपयोगमा ल्याउन सकिनेछ ।

१०. **जग्गा व्यवस्था समिति:** (१) दफा ३ र ४ बमोजिम जग्गा प्राप्ती गर्ने काममा आवश्यक सहयोग एवं समन्वय गर्न वा मुआब्जा/राहत/क्षतिपूर्ति निर्धारण गर्न देहाय बमोजिमको एक जग्गा व्यवस्था समिति रहने छ ।

| | | |
|---|---|---|
| क) | नगर कार्यपालिका प्रमुख | अध्यक्ष |
| ख) | नगर कार्यपालिका उपप्रमुख | सदस्य |
| ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) | जग्गा प्राप्तीका लागि प्रस्तावित क्षेत्रका वडा अध्यक्ष | सदस्य |
| ङ) | आर्थिक प्रशासन शाखा प्रमुख, नागार्जुन नगरपालिका | सदस्य |
| च) | प्रमुख इन्जिनियर, नागार्जुन नगरपालिका | सदस्य |
| छ) | अमिन, नागार्जुन नगरपालिका | सदस्य |

(२) जग्गा व्यवस्था समितिको काम, कर्तव्य र अधिकार

१. सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ती, मुल्य तथा मुआब्जा निर्धारण गर्न नगर कार्यपालिका कार्यालयलाई आवश्यक निर्देशन समन्वय एवं सहजिकरण गर्ने ।

२. सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ती गर्ने विषयमा आवश्यक सल्लाह सुझाव नगर कार्यपालिकालाई उपलब्ध गराउने ।

३. समितिको बैठकमा आवश्यकता अनुसार विषयसँग सम्बन्धित स्थानीय जानकार वा कर्मचारीलाई संयोजकको अनुमतिले प्रमुख प्रशासकीय अधिकृतले आमन्त्रण गर्न सक्नेछ ।

४. जग्गा व्यवस्था समितिले मुआब्जा/राहत/क्षतिपूर्ति निर्धारण गरि नगरपालिकामा सिफारीस गर्नुपर्नेछ । र उक्त क्षतिपूर्तिवापतको रकम नगरपालिकाको आन्तरिक श्रोताबाट मात्र भुक्तानी हुने गरी नगर सभाले निर्णय स्वीकृत गरेपछि भुक्तानी हुनेछ । प्रथम पटकका लागि नगर

सभाबाट अनुमोदन हुने गरी कार्यपालिका बैठकबाट रकम व्यवस्था गरी उपलब्ध गराउन सकिनेछ ।

५. समितिको बैठक आवश्यकता अनुसार हुनेछ । बैठकमा उपस्थित भएका पदाधिकारहरूलाई नगरपालिकाको नियमानुसार बैठक भत्ता उपलब्ध हुनेछ ।

११. **<u>मुआब्जा/राहत/क्षतिपूर्ति निर्धारण भए पछि सुचना गर्ने:</u>** जग्गा व्यवस्था समितिले निर्धारण गरेको रकम र सो पाउने व्यक्ति तथा हकवालाको जानकारीका लागि नगर कार्यपालिका बैठकबाट निर्णय गरी राष्ट्रियस्तको पत्रिकामा १५ दिनको सूचना जारी गर्नुपर्नेछ ।

१२. **<u>क्षतिपूर्तिबाट सरकारी बाँकी कट्टा गर्न सकिने:</u>** यस कार्यविधि बमोजिम प्राप्त गरिएको जग्गाको राहत/क्षतिपूर्ति उपलब्ध गर्दा सरोकारवाला व्यक्तिसँग सम्पति कर वा कुनै सरकारी रकम असुल गर्न बाँकी रहेछ भने त्यस्तो असुल गर्न बाँकी रहेको रकम क्षतिपूर्ति रकमबाट कट्टा गर्न सकिनेछ ।

१३. **<u>जग्गाको स्वामित्व सर्ने:</u>** दफा ९ बमोजिम जग्गा स्वामित्वमा लिएपछि त्यस्तो जग्गाको स्वामित्व स्वतः नगरपालिकाको नाममा सर्नेछ ।

१४. **<u>जग्गाको नामसारी र मालपोतको लगत कट्टा गर्नुपर्ने:</u>** (१) दफा १३ बमोजिम नगरपालिकाको स्वामित्वमा आएको जग्गा मालपोतको लगत कट्टा गरी नगरपालिकाको नाममा नामसारी गर्न र दाखिल खारेज गर्न लगत रहेको कार्यालयमा लेखि पठाउनु पर्नेछ र मालपोत कार्यालयले पनि आवश्यक सहयोग गर्नुपर्नेछ ।

१५. **<u>निःशुल्क प्राप्त गर्न सकिने:</u>** नगरपालिकालाई आवश्यक पर्ने जग्गा सरोकारवालाको राजीखुशीमा निःशुल्क प्राप्त गर्न सक्नेछ । त्यसरी प्राप्त गर्दा कार्यविधिका उल्लिखित रित आवश्यक पर्ने छैन ।

१६. **<u>प्रमुख जिल्ला अधिकारको सहयोग लिने:</u>** यस कार्यविधि बमोजिम कुनै काम गर्न अधिकार पाएको अधिकारीले सम्पादन गर्नुपर्ने कामको सिलसिलामा प्रमुख जिल्ला अधिकारीको वा स्थानीय प्रहरीको सहयोग माग्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम नगर कार्यपालिकाले गरेको निर्णय चित्त नबुझेमा पैंतिस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद ४
## विविध

१७. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरू यसै कार्यविधि बमोजिम हुने र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१८. **बाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिका बैठकको निर्णय बमोजिम हुनेछ ।

१९. **संशोधन तथा खारेजी:** यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

## अनुसूची १
## दफा ८ (३) संग सम्बन्धित

श्रीमान् प्रारम्भीक कारवाही चलाउने अधिकृतज्यू,
नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय, हरिसिद्धि, सितापाईला

**विषयः <u>जग्गा उपलब्ध गराउन इच्छा जाहेर गरेको सम्बन्धमा ।</u>**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७७/......./...... गते प्रकाशित सूचनामा माग भए बमोजिमको चारकिल्ला भित्र मेरा नाममा दर्ता रहेको तपसिलको विवरण भएको जग्गा मैले नियमानुसार प्रकृया पूरागरी नगरपालिकालाई उपलब्ध गराउन इच्छा जाहेर गरेको हुँदा सोको कारवाहीका लागि यो निवेदन पेश गरेको छु ।

<u>तपशिलः</u>

**१. जग्गा धनिको विवरण**

जग्गा धनिको नाम....................................... ना.प्र.नं...............
जग्गा धनिको बाबु/ससुरको नामः
जग्गा धनिको पति/पत्नीको नामः
जग्गा धनिको स्थायी ठेगानाः
जग्गा धनिको अस्थायी सम्पर्क ठेगानाः
सम्पर्क नम्बरः

**२. जग्गाको विवरण**

कि.नं. ................... क्षेत्रफल...................
नगरपालिकालाई प्रदान गर्न खोजेको क्षेत्रफलः
जग्गाको चार किल्लाः
पूर्वः..................... पश्चिम....................
उत्तरः.................... दक्षिणः...................
सडक पूर्वाधारको अवस्थाः सडकको किसिम (कालोपत्रे, ग्राभेल, कच्चि, सहमति के हो खुलाउने) ........................................ (भित्रि भाग भए सो समेत खुलाउने) ।

**३. जग्गा प्रदान गर्न खोजेको विधि (इच्छुक विधिमा ठिक लगाउने)**

क) दाताहरू आव्हान गरि जग्गा प्रदान गर्ने ।

ख) जग्गा धनिहरूको सहमतिमा निश्चित विकासका पूर्वाधार गराउने शर्त राखि निशुल्क वा चलनचल्तीको मूल्यमा आंशिक मूल्य लिई जग्गा प्रदान गर्ने ।

**४. जग्गा प्रदानको शर्त**

क) प्रचलित मूल्यमा घटाघटमा बिक्रि गरि प्रदान गर्न इच्छुकले जग्गाको प्रति कठ्ठा/मिटर/रोपनीको दररेट खुलाउने..................................................

ख) दाताका रूपमा जग्गा जग्गा प्रदान गर्न इच्छुकका हकमा दाताले जग्गा प्रदानका शर्तहरू उल्लेख गर्ने ।

-
-
-
-

ग) जग्गा धनिको सहमतिमा निश्चित विकासका पूर्वाधार गराउने शर्त राखि निशुल्क वा चलन चल्तीको मूल्यमा आंशिक मूल्य लिई जग्गा प्रदान गर्नेका हकमा जग्गा प्रदानका शर्तहरू उल्लेख गर्ने ।

-
-
-
-

**५. कुनै विशेष शर्त भएमा उल्लेख गर्ने...................**

निवेदकः

नामः

ठेगानाः

हस्ताक्षरः

**संलग्न कागजातहरूको विवरणः**

क) उपलब्ध गराउन खोजेको जग्गा धनि प्रमाण पूर्जा प्रतिलिपि ।

ख) जग्गा धनिको नागरिकताको प्रतिलिपि ।

ग) जग्गाको नापि नक्सा र ट्रेस नक्सा ।

घ) निवेदन

आज्ञाले,

सुरेन्द्र थापा मगर

प्रमुख प्रशासकीय अधिकृत